प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्

# परीक्षा नियन्त्रण कार्यालय

सानोठिमी, भक्तपुरको

**देशभरका बिपन्न, दलित र मुस्लिम समुदायका २८० जना छात्रछात्राहरुलाई प्रि-डिप्लोमा तह र २८० जनालाई डिप्लोमा/प्रमाणपत्र तहमा निःशुल्क अध्ययनका गर्न विशेष प्राविधिक शिक्षा छात्रवृत्ति कार्यकममा भर्ना प्रकृयाका लागि आवेदन फाराम भर्ने बारेको अत्यन्त जरुरी सूचना**

(सूचना प्रकाशित मिति २०७८।०५।१७)

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्, प्राविधिक महाशाखाको च.नं ३५०, मिति २०७८।०५।०१ गतेको पत्रानुसार नेपाल सरकारको आर्थिक बर्ष २०७८/०७९ को बजेट तथा कार्यकममा व्यवस्था भए बमोजिम प्रादेशिक सन्तुलन कायम हुनेगरी संस्थागत पहुंच नपुगेका स्थानीय तहलाई प्राथमिकता दिने गरी देशभरका बिपन्न, दलित र मुस्लिम समुदायका छात्रछात्राहरुबाट निम्न निर्धारित कोटामा २८० जना प्रि-डिप्लोमा र डिप्लोमा/प्रमाणपत्र तहमा २८० जना उल्लेखित प्राविधिक शिक्षा अध्ययन गर्न परीक्षार्थी छनौटका लागि भर्ना प्रकृया गर्नुपर्ने भएकाले योग्य नेपाली नागरिकहरुबाट **निःशुल्क** आवेदन फाराम आव्हान गरिएको हुंदा सम्वन्धित सवैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**<u>तपसिल</u>**

**१. लक्षित बर्ग :**

क) देशभरका बिपन्न, दलित र मुस्लिम समुदायका छात्रछात्राहरुबाट निर्धारित कोटामा २८० जना प्रि-डिप्लोमा तह

ख) देशभरका बिपन्न, दलित र मुस्लिम समुदायका छात्रछात्राहरुबाट निर्धारित कोटामा २८० जना डिप्लोमा/प्रमाणपत्र तह

**नोट**: दलित/मुस्लिमको हकमा सम्वन्धित आयोग वा सम्वन्धित जिल्ला प्रशासन कार्यालयबाट उक्त जाती भनी जारी गरिएको प्रमाणित पत्रको आधारमा साथै बिपन्न समूहको छनौट गर्दा हलिया र कमैयालाई समावेश गरी नेपाल सरकारबाट सुचिकृत सुविधा वञ्चित (Disadvantage Group) २२ वटा समूहहरु (बनकरिया, बराम, बोटे, चेपाङ्ग, दनुवार, धानुक, हायु, झागड, किसान, कुसुन्डा, लेप्चा, माझी, मेचे, कुसवाडिया, राजी, राउटे, सतार, सिंसा, सियार, सुरेल, थामी र थुनम) लाई आर्थिक रुपमा बिपन्न भनी स्थानीय निकायबाट प्रमाणित कागजातको आधारमा बिपन्न कोटामा सहभागी गराउने ।

**२. शैक्षिक कार्यकम र कोटा :**

**क) प्रि-डिप्लोमा तह :**

| क्र.सं | कार्यकम र प्रदेश | दलित | | | | | | | मुस्लिम | | | | | | | बिपन्न | | | | | | | कुल जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | १ | २ | बा | ग | लु | क | सु.प | १ | २ | बा | ग | लु | क | सु.प | १ | २ | बा | ग | लु | क | सु.प | |
| १. | प्रि-डिप्लोमा इन एग्रिकल्चर (लाइभस्टक प्रोडक्सन/ एनिमल हेल्थ) | ३ | ३ | ३ | ३ | २ | ३ | ३ | १ | १ | १ | १ | १ | १ | १ | २ | २ | २ | २ | २ | १ | २ | ४० |
| २. | प्रि-डिप्लोमा इन मेकानिकल इन्जिनियरिङ्ग | २ | २ | ३ | ३ | २ | २ | २ | १ | २ | १ | १ | २ | १ | १ | २ | २ | ३ | २ | २ | २ | २ | ४० |
| ३. | प्रि-डिप्लोमा इन सिभिल इन्जिनियरिङ्ग | २ | ३ | २ | २ | २ | २ | २ | १ | २ | १ | १ | २ | २ | १ | २ | २ | ३ | २ | २ | २ | २ | ४० |
| ४. | प्रि-डिप्लोमा इन अटोमोवाइल इन्जिनियरिङ्ग | ३ | २ | ३ | २ | २ | ३ | ३ | २ | १ | १ | १ | १ | १ | १ | २ | २ | २ | २ | २ | २ | २ | ४० |
| ५. | प्रि-डिप्लोमा इन इलेक्ट्रिकल इन्जिनियरिङ्ग | ३ | ३ | ३ | ३ | २ | ३ | ३ | १ | १ | १ | १ | २ | १ | १ | २ | १ | २ | १ | २ | २ | २ | ४० |
| ६. | प्रि-डिप्लोमा इन प्लान्ट साइन्स | ३ | ३ | १ | ३ | ३ | ३ | ३ | १ | १ | १ | १ | १ | १ | १ | २ | २ | २ | २ | २ | २ | २ | ४० |
| ७. | प्रि-डिप्लोमा इन सिभिल इन्जिनियरिङ्ग | ३ | २ | २ | ४ | ३ | ३ | ३ | १ | १ | १ | १ | १ | १ | १ | १ | २ | २ | २ | २ | २ | २ | ४० |
| | जम्मा | १९ | १८ | १७ | २० | १६ | १९ | १९ | ८ | ९ | ७ | ७ | १० | ८ | ७ | १३ | १३ | १६ | १३ | १४ | १३ | १४ | २८० |

**ख)डिप्लोमा/प्रमाणपत्र तह :**

| क्र.सं | कार्यकम र प्रदेश | दलित | | | | | | | मुस्लिम | | | | | | | बिपन्न | | | | | | | कुल जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | १ | २ | बा | ग | लु | क | सु.प | १ | २ | बा | ग | लु | क | सु.प | १ | २ | बा | ग | लु | क | सु.प | |
| १. | डिप्लोमा इन इन्फर्मेशन टेक्नोलोजी | ३ | ३ | ३ | ३ | २ | ३ | ३ | १ | १ | १ | १ | १ | १ | १ | २ | २ | २ | २ | २ | १ | २ | ४० |
| २. | डिप्लोमा इन एग्रिकल्चर (बाली बिज्ञान) | २ | २ | ३ | ३ | २ | २ | २ | १ | २ | १ | १ | २ | १ | १ | २ | २ | ३ | २ | २ | २ | २ | ४० |
| ३. | डिप्लोमा इन इलेक्ट्रिकल इन्जिनियरिङ्ग | २ | ३ | २ | २ | २ | २ | २ | १ | २ | १ | १ | २ | २ | १ | २ | २ | ३ | २ | २ | २ | २ | ४० |
| ४. | डिप्लोमा इन एग्रिकल्चर (बाली बिज्ञान) | ३ | २ | ३ | २ | २ | ३ | ३ | २ | १ | १ | १ | १ | १ | १ | २ | २ | २ | २ | २ | २ | २ | ४० |
| ५. | डिप्लोमा इन हाइड्रोपावर इन्जिनियरिङ्ग | ३ | ३ | ३ | ३ | २ | ३ | ३ | १ | १ | १ | १ | २ | १ | १ | २ | १ | २ | १ | २ | २ | २ | ४० |
| ६. | डिप्लोमा इन सिभिल इन्जिनियरिङ्ग | ३ | ३ | १ | ३ | ३ | ३ | ३ | १ | १ | १ | १ | १ | १ | १ | २ | २ | २ | २ | २ | २ | २ | ४० |
| ७. | डिप्लोमा इन सिभिल इन्जिनियरिङ्ग | ३ | २ | २ | ४ | ३ | ३ | ३ | १ | १ | १ | १ | १ | १ | १ | १ | २ | २ | २ | २ | २ | २ | ४० |
| | जम्मा | १९ | १८ | १७ | २० | १६ | १९ | १९ | ८ | ९ | ७ | ७ | १० | ८ | ७ | १३ | १३ | १६ | १३ | १४ | १३ | १४ | २८० |

नोटः बा=बागमती, ग=गण्डकी प्रदेश, लु=लुम्बिनी, क= कर्णाली प्रदेश र सु.प.=सुदूर पश्चिम प्रदेश

**३. आवश्यक न्यूनतम योग्यता :**

**३.१ प्रि-डिप्लोमा तहको लागि आवश्यक न्यूनतम शैक्षिक योग्यता :**

**क. आवश्यक शैक्षिक योग्यताः**

अ. अक्षराङ्कन पद्धति लागु हुनु पूर्वका प्रवेशिका परीक्षाको हकमाः एस.एल.सी. वा सो सरहको परीक्षा उत्तीर्ण

आ. अक्षराङ्कन पद्धतिको नतिजाको हकमाः मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रवेशिका परीक्षा वा एसईई परीक्षामा न्यूनतम E ग्रेड प्राप्त ।

**३.२ डिप्लोमा/प्रमाणपत्र तहको लागि आवश्यक न्यूनतम शैक्षिक योग्यता :**

**(क) अक्षराङ्कन पद्धति लागु हुनु पूर्वका प्रवेशिका परीक्षाको हकमा :**

| क.सं | अध्यापन गराइने शैक्षिक कार्यक्रम | आवश्यक न्यूनतम शैक्षिक योग्यता |
|---|---|---|
| १. | डिप्लोमा इन इन्फर्मेशन टेक्नोलोजी | मान्यता प्राप्त शिक्षण संस्थाबाट अनिवार्य गणित, अंग्रेजी र विज्ञान विषय लिई एस.एल.सी. वा सो सरहको परीक्षा उत्तीर्ण वा परिषद् वा त्रिभुवन विश्वविद्यालयबाट यस बमोजिम संचालन हुने कार्यक्रमसंग सम्बन्धित प्राविधिक एस.एल.सी. को कुल पूर्णाङ्कमा क्रमशः ६८.३३ र ६६.६७ प्रतिशत अंक प्राप्त गरी उत्तीर्ण । |
| २. | डिप्लोमा इन एग्रिकल्चर (प्लान्ट साइन्स) | |
| ३. | डिप्लोमा ईन इलेक्ट्रिकल ईन्जिनियरिङ्ग | |
| ४. | डिप्लोमा ईन हाइड्रोपावर ईन्जिनियरिङ्ग | |
| ५. | डिप्लोमा ईन सिभिल इन्जिनियरिङ्ग | |

**(ख) अक्षराङ्कन पद्धतिको नतिजाको हकमा :**

| क.सं. | अध्यापन गराइने शैक्षिक कार्यक्रम | आवश्यक न्यूनतम शैक्षिक योग्यता |
|---|---|---|
| १. | डिप्लोमा इन इन्फर्मेशन टेक्नोलोजी | मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रवेशिका वा एस.ई.ई. परीक्षामा अनिवार्य गणित र विज्ञानमा न्यूनतम सि ग्रेड र अंग्रेजीमा विषयमा न्यूनतम डि प्लस ग्रेड प्राप्त । |
| २. | डिप्लोमा ईन सिभिल इन्जिनियरिङ्ग | |
| ३. | डिप्लोमा ईन इलेक्ट्रिकल ईन्जिनियरिङ्ग | |
| ४. | डिप्लोमा ईन हाइड्रोपावर ईन्जिनियरिङ्ग | |
| ५. | डिप्लोमा इन एग्रिकल्चर (प्लान्ट साइन्स) | मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रवेशिका वा एस.ई.ई. परीक्षामा अनिवार्य अंग्रेजी, गणित, र विज्ञान मध्ये कुनै दुई वटा विषयमा न्यूनतम सि ग्रेड र कुनै एक विषयमा न्यूनतम डि प्लस ग्रेड प्राप्त । |

**४. फाराम बुझाउने स्थान :**

परीक्षार्थीहरुले आफ्नो स्थायी बसोबास भएको प्रदेशबाट मात्र आवेदन फाराम भर्नुपर्नेछ ।

**५.कोटा रिक्त भएको सम्बन्धमा :**

लक्षित बर्ग, समुदाय र प्रदेश अनुसारको कुनै कार्यक्रममा निर्धारित कोटा खाली रहन गएमा सोही प्रदेशको अन्य बर्ग वा समूहबाट सोही कार्यक्रममा आवेदन भरी छनौट भएका मध्येबाट उच्चतम अंक प्राप्त गर्ने परीक्षार्थीहरु छनौट गरिनेछ । सो पश्चात समेत खाली रहन गएको कोटामा सोही प्रदेशबाट अन्य कार्यक्रममा प्रवेश परीक्षा उत्तीर्ण गरी सो बर्गको वैकल्पिकमा रहेका मध्येबाट छनौट गरिनेछ ।

**६. आवेदन फाराम साथ पेश गर्नुपर्ने आवश्यक कागजातहरु :**

६.१ फाराम साथ पेश गर्नुपर्ने प्रमाणपत्रहरु परीक्षार्थी स्वयंले प्रमाणित गरी सूची बमोजिम पेश गर्नुपर्नेछ । आवेदन फाराममा उल्लेख गर्नुपर्ने कुरा उल्लेख नगरी आवश्यक कागजात पेश गरेमा परीक्षार्थीहरुको फाराम रद्ध हुनेछ ।

(क) नागरिकताको प्रमाणपत्र वा नेपाली नागरिक हो भनी प्रमाणित हुने नावालिग वा जन्म दर्ताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपी ।

(ख) दलितले राष्ट्रिय दलित आयोग/सम्बन्धित जिल्ला प्रशासन कार्यालय/पालिका कार्यालयबाट प्रमाणित गरिएको प्रमाणपत्र वा दलित परिचय पत्रको प्रमाणित प्रतिलिपी ।

(ग) बिपन्न बर्ग/समुहबाट आवेदन फाराम भर्नेहरुले माथि उल्लेखित २२ वटा समूहहरुले जिल्ला प्रशासन कार्यालय/पालिकाबाट जारी भएको प्रमाणपत्रको प्रमाणित प्रतिलिपी ।

(घ) मुस्लिमहरुले राष्ट्रिय मुस्लिम आयोग वा सम्वन्धित जिल्ला प्रशासन कार्यालय/पालिकाले मुस्लिम हो भनी प्रमाणित गरिदिएको पत्रको प्रतिलिपी ।

(ङ) एस.इ.ई, प्राविधिक एस.एल.सी/प्रि-डिप्लोमा उत्तीर्ण गरेको मार्कशीट, चारित्रिक प्रमाणपत्रहरुको प्रमाणित प्रतिलिपी र **कक्षा ८ को जिल्ला/पालिका स्तरीय परीक्षाको लब्धाङ्कपत्र**को प्रतिलिपी । २९ महिने प्राविधिक एस.एल.सी.को हकमा टेष्ट परीक्षाको लब्धाङ्क पत्र । २०७७ सालमा एस.ई.ई. उत्तीर्ण गरेका आवेदकको हकमा विद्यालयको चारित्रिक प्रमाणपत्र वा एस.ई.ई. को प्रवेश पत्रको प्रतिलिपि ।

(च) माइग्रेशन र समकक्षता प्रमाणपत्रको प्रमाणित प्रतिलिपी (नेपाल सरकारको एस.इ.ई बोर्ड बाहेकका अन्य बोर्डबाट उत्तीर्णहरुका हकमा आवश्यक पर्ने) ।

(छ) स्पष्ट मुखाकृति देखिने हालसालै खिचिएको पासपोर्ट साइज (35x45mm) को ३ प्रति फोटो ।

(ज) बसाई सराईको हकमा सूचना प्रकाशन भएको मितिभन्दा छ (६) महिना अगाडि बसाई सराई गरिएको स्थानीय निकायको पत्र अनिवार्य रुपमा पेश गर्नुपर्नेछ ।

**७. छनौट प्रकृया सम्वन्धी जानकारी :**

विश्वव्यापी रुपमा फैलिएको कोभिड १९ को प्रभावका कारण धेरै संख्यामा विद्यार्थीहरु एकै ठाउंमा उपस्थित भै प्रवेश परीक्षा लगायतका कार्यक्रम संचालन गर्न परिस्थिति अनुकुल नदेखिएकोले शैक्षिक सत्र २०७८/०७९ को लागि मात्र प्राविधिक शिक्षामा विशेष छात्रबृत्ति कार्यक्रम तर्फको विद्यार्थी छनौट प्रकृया निम्नानुसार गरिएको छ । आवेदन फाराम संकलन गर्दा नेपाल सरकारले तोकेको स्वास्थ्य सम्वन्धी मापदण्ड अनिवार्य अपनाउनु पर्नेछ ।

क) सूचनामा तोकिएको समय भित्र न्यूनतम योग्यता पुगी रितपूर्वक आवेदन फाराम भरेका आवेदकहरुलाई मात्र छनौट प्रकृयामा समावेश गराइनेछ ।

ख) सम्बन्धित शिक्षण संस्था/कार्यालयले सूचनामा तोकिएको अवधि भित्र आवेदन फारामहरुलाई परिषद्, प.नि.का बाट उपलब्ध गराइएको Web Based Online Intergrated Training Management System (ITMS) मा इन्ट्री गर्ने । अनलाइन इन्ट्री गरेका फाराम परीक्षा नियन्त्रण कार्यालयबाट स्वीकृत भएपछि परीक्षार्थीको भर्ना अनुमती नम्बर कायम गरिनेछ र अनुमती नम्बर कायम भएका परीक्षार्थीहरुलाई मात्र योग्यताक्रमको सूचीमा समावेश गरिनेछ ।

ग) तोकिएको मिति भित्र आवेदन फाराम भरी शिक्षण संस्था/कार्यालयबाट अनलाइन आवेदन फाराम इन्ट्री भएका परीक्षार्थीहरु मध्येबाट प्रवेशिका परीक्षा वा एस.ई.ई. र कक्षा ८ मा प्राप्त गरेको प्राप्ताङ्कको योगफलका आधारमा उच्चतम अङ्क अनुसार योग्यताक्रम निर्धारण गरी भर्ना अनुमती नम्बर सहितको मुख्य उम्मेदवार र उत्तीर्ण सूची तयार गरिनेछ । प्राविधिक एस.एल.सी.को हकमा प्राविधिक एस.एल.सी र एस.ई.ई./एस.एल.सी/टेष्ट परीक्षामा प्राप्त गरेको प्राप्ताङ्कको योगफलका आधारमा उच्चतम अङ्क अनुसार योग्यताक्रम निर्धारण गरी भर्ना अनुमती नम्बर सहितको मुख्य उम्मेदवार र उत्तीर्ण सूची तयार गरिनेछ ।

घ) प.नि.का.बाट रितपूर्वकको अनलाइन आवेदन फाराम इन्ट्री भएका आवेदकहरु मध्येबाट निम्नानुसार योग्यताक्रम निर्धारण गरिनेछ ।

(अ) प्रवेशिका परीक्षा वा एस.ई.ई. मा प्राप्त गरेको प्राप्ताङ्कलाई ६० प्रतिशत अंकभार प्रदान गर्ने ।

(आ) कक्षा ८ **को जिल्ला/पालिका स्तरीय परीक्षाको लब्धाङ्कपत्र**मा प्राप्त गरेको प्राप्ताङ्कलाई ४० प्रतिशत अंकभार प्रदान गर्ने ।

(इ) प्राविधिक एस.एल.सी. को हकमा प्राविधिक एस.एल.सी मा प्राप्त गरेको प्राप्ताङ्कलाई ६० प्रतिशत अंकभार र एस.ई.ई/एस.एल.सी/टेष्ट मा प्राप्त गरेको प्राप्ताङ्कलाई ४० प्रतिशत अंकभार प्रदान गर्ने ।

(ई) बुंदा (अ) र (आ) वा (इ) मा प्राप्त गरेको अंकलाई जोडी उच्चतम अङ्क अनुसार योग्यताक्रम निर्धारण गरी भर्ना अनुमती नम्बर सहितको मुख्य उम्मेदवार र उत्तीर्ण सूची तयार गर्ने । प्राप्ताङ्क तयार गर्ने तरीका यस प्रकार हुनेछः

**उदाहरण १:** कुनै बिद्यार्थीले एस.ई.ई.मा जि.पि.ए. ३.८५ र कक्षा ८ मा जि.पि.ए. ३.५ प्राप्त गरेको छ भने सो को प्राप्ताङ्क यस प्रकार हुनेछः

(१) एस.ई.ई. को प्राप्ताङ्क निकाल्ने तरिका : जि.पि.ए. X २३.७५ = ३.८५ X २३.७५ = ९१.४४/१००X ६० = ५४.८६

(२) कक्षा ८ को प्राप्ताङ्क निकाल्ने तरिका : जि.पि.ए. X २३.७५ = ३.५० X २३.७५ = ८३.१३/१००X ४० = ३३.२५

(३) जम्मा प्राप्ताङ्क = ५४.८६+३३.२५ = ८८.११

**उदाहरण २:** कुनै बिद्यार्थीले प्राविधिक एस.एल.सी. मा ८० प्रतिशत र एस.ई.ई.मा जि.पि.ए. ३.५० प्राप्त गरेको छ भने सो को प्राप्ताङ्क यस प्रकार हुनेछः

(१) प्राविधिक एस.एल.सी. को प्राप्ताङ्क निकाल्ने तरिका : प्राप्ताङ्क प्रतिशत/१०० X ६० = ८०/१००X ६० = ४८.००

(२) एस.ई.ई. को प्राप्ताङ्क निकाल्ने तरिका : जि.पि.ए. X २३.७५ = ३.५० X २३.७५ = ८३.१३/१००X ४० = ३३.२५

(३) जम्मा प्राप्ताङ्क = ४८.००+३३.२५ = ८१.२५

यसरी सूची तयार गर्दा प्राप्ताङ्क बराबर भएमा निम्नानुसार कायम गर्ने ।

(अ) प्रवेशिका परीक्षा वा एस.ई.ई. को प्राप्ताङ्क बराबर भएमा अनिवार्य गणितको उच्चतम अङ्क/ग्रेड/ग्रेडप्वाइण्ट प्राप्त गर्नेलाई पहिलो प्राथमिकतामा राख्ने ।

(आ) अनिवार्य गणितको उच्चतम अङ्क पनि बराबर भएमा क्रमशः अनिवार्य विज्ञान, अनिवार्य अंग्रेजीमा प्राप्त गरेको उच्चतम अङ्क/ग्रेड/ग्रेडप्वाइण्टको आधारमा योग्यता सूची निर्धारण गर्ने ।

(इ) माथि बुँदा (अ) र (आ) अनुसार पनि अङ्क बराबर भएमा क्रमशः सामुदायिक बिद्यालयमा अध्ययन् गरेको, एकल महिला, महिलाको आधारमा योग्यताक्रम सूची तयार गर्ने ।

(ई) माथि बुंदा (अ), (आ), (इ) र (ई) अनुसार पनि अंक बराबर भएमा अन्तिम छनौट हुने परीक्षार्थीको योग्यताक्रम जुधेमा त्यस्ता परीक्षार्थीहरुको कक्षा ८ को जिल्ला/पालिका स्तरीय परीक्षाको लब्धांक पत्रमा उच्चतम अंक प्राप्त परीक्षार्थीलाई पहिलो योग्यताक्रम निर्धारण गर्ने । कक्षा ८ को प्राप्तांक समेत बराबर भएको अवस्थामा क्रमशः गणित, बिज्ञान र अंग्रेजी बिषयमा प्राप्त गरेको अंकका आधारमा योग्यताक्रम निर्धारण गर्ने ।

(उ) माथि बुंदा नं (अ), (आ), (इ) र (ई) अनुसार पनि अंक बराबर भएमा आवेदकको जन्म मितिको आधारमा जेष्ठता कायम गरी योग्यताक्रम सूची तयार गर्ने ।

ङ) उपरोक्त बिधिबाट नतिजा तयार गरी उच्चतम अङ्कको आधारमा आवेदकले प्राथमिकिकरण गरेको शिक्षालय अनुसार नतिजा प्रकाशन गरी भर्नाको लागि सिफारिस गर्ने र सो को जानकारीको सूचना गोरखापत्र राष्ट्रिय दैनिकमा प्रकाशित गरी www.ctevtexam.org.np मा नतिजा प्रकाशन गर्ने ।

**८. आवेदन फाराम भर्ने मिति :**

| | |
|---|---|
| फाराम बितरण मिति | : २०७८ भाद्र १७ गते बिहीबार देखि |
| फाराम बुझाउने अन्तिम मिति | : २०७८ आश्विन ०६ गते बुधवार सम्म |

**९. आवेदन फाराम पाइने तथा बुझाउने स्थानहरु :**

**क) प्रदेश नं १ का आवेदकहरुका लागि**

- परिषद्, प्रदेश कार्यालय, प्रदेश नं १, इटहरी, सुनसरी
- उत्तरपानी प्राविधिक शिक्षालय, उत्तरपानी, धनकुटा

**ख) प्रदेश नं २ का आवेदकहरुका लागि**

- परिषद्, प्रदेश कार्यालय, प्रदेश नं २, जनकपुरधाम, धनुषा
- लहान प्राविधिक शिक्षालय, लहान, सिराहा
- निर्मल लामा बहु-प्राविधिक शिक्षालय, खयरमारा, महोत्तरी
- जयकिशान बहु-प्राविधिक शिक्षालय, धरहरी, रौतहट

**ग) बागमती प्रदेशका आवेदकहरुका लागि**

- परिषद्, प्रदेश कार्यालय, प्रदेश नं ३, हेटौंडा, मकवानपुर
- दिवाकर स्मृति बहु-प्राविधिक शिक्षालय, माडी, चितवन
- शंखरापुर बहु-प्राविधिक शिक्षालय, शंखरापुर, काठमाण्डौ
- पनौती प्राविधिक शिक्षालय, पनौती, काभ्रे
- परिषद्, परीक्षा नियन्त्रण कार्यालय, सानोठिमी, भक्तपुर

**घ) गण्डकी प्रदेशका आवेदकहरुका लागि**

- परिषद्, गण्डकी प्रदेश कार्यालय, मालेपाटन, पोखरा, कास्की
- तनहुं प्राविधिक शिक्षालय, भिमाद, तनहुं
- गोरखा बहु-प्राविधिक शिक्षालय, पालुङ्गटार, गोरखा
- अन्नपुर्ण बहु-प्राविधिक शिक्षालय, ढिकुरपोखरी, कास्की
- किसान प्राविधिक तथा व्यावसायिक शिक्षालय, चापाकोट, स्याङ्गजा

**ङ) लुम्बिनी प्रदेशका आवेदकहरुका लागि**

- परिषद्, लुम्बिनी प्रदेश कार्यालय, नयांगाउं, बुटवल, रुपन्देही
- भेरी प्राविधिक शिक्षालय, नेपालगञ्ज, बांके

**च) कर्णाली प्रदेशका आवेदकहरुका लागि**

- परिषद्, कर्णाली प्रदेश कार्यालय, वीरेन्द्रनगर, सुर्खेत
- शहिद नेत्रलाल अभागी बहु-प्राविधिक शिक्षालय, खलंगा, सल्यान

**छ) सुदुर पश्चिम प्रदेशका आवेदकहरुका लागि**

- परिषद्, सुदुर पश्चिम प्रदेश कार्यालय, धनगढी, कैलाली
- भिमदत्त बहु-प्राविधिक शिक्षालय, पाटन, बैतडी

(आवेदन फाराम परिषद्को वेभसाईट www.ctevtexam.org.np बाट डाउनलोड गरी प्राप्त गर्न सकिनेछ)

**१०. अध्ययनका लागि तोकिएका कार्यक्रम र शिक्षालयहरु**

माथिको बुंदा नं २ बमोजिमका कार्यक्रमहरु अध्ययन गर्न देहाय बमोजिमका शिक्षण संस्थाहरु तथा कोटा तोकिएको छ ।

**(क) प्रि-डिप्लोमा तहका शैक्षिक कार्यक्रम अध्ययन गराइने शिक्षण संस्थाहरु :**

| क्र.सं | कार्यक्रम | अध्ययनका लागि तोकिएको शिक्षण संस्था | प्रदेश | स्वीकृत कोटा संख्या |
|---|---|---|---|---|
| १. | प्रि-डिप्लोमा इन एग्रिकल्चर (लाइभस्टक प्रोडक्सन/एनिमल हेल्थ) | उत्तरपानी प्राविधिक शिक्षालय, उत्तरपानी, धनकुटा | १ | ४० |
| २. | प्रि-डिप्लोमा इन मेकानिकल इन्जिनियरिङ्ग | लहान प्राविधिक शिक्षालय, लहान, सिराहा | २ | ४० |
| ३. | प्रि-डिप्लोमा इन सिभिल इन्जिनियरिङ्ग | निर्मल लामा बहु-प्राविधिक शिक्षालय, बर्दिवास, महोत्तरी | २ | ४० |
| ४. | प्रि-डिप्लोमा इन अटोमोवाइल इन्जिनियरिङ्ग | पनौती प्राविधिक शिक्षालय, पनौती, काभ्रे | बागमती | ४० |
| ५. | प्रि-डिप्लोमा इन एग्रिकल्चर (प्लान्ट साइन्स) | तनहुं प्राविधिक शिक्षालय, भिमाद, तनहुं | गण्डकी | ४० |
| ६. | प्रि-डिप्लोमा इन इलेक्ट्रिकल इन्जिनियरिङ्ग | भेरी प्राविधिक शिक्षालय, नेपालगञ्ज, बांके | लुम्बिनी | ४० |
| ७. | प्रि-डिप्लोमा इन सिभिल इन्जिनियरिङ्ग | भिमदत्त बहु-प्राविधिक शिक्षालय, पाटन, बैतडी | सुदुर पश्चिम | ४० |

**(ख) डिप्लोमा/प्रमाणपत्र तहका शैक्षिक कार्यक्रम अध्ययन गराइने शिक्षण संस्थाहरु :**

| क्र.सं | कार्यक्रम | अध्ययनका लागि तोकिएको शिक्षण संस्था | प्रदेश | स्वीकृत कोटा संख्या |
|---|---|---|---|---|
| १. | डिप्लोमा इन इन्फर्मेशन टेक्नोलोजी | जय किसान बहु-प्राविधिक शिक्षालय, धरहरी, रौतहट | प्रदेश २ | ४० |
| २. | डिप्लोमा इन एग्रिकल्चर (प्लान्ट साइन्स) | दिवाकर स्मृति बहु-प्राविधिक शिक्षालय, माडी, चितवन | बागमती प्रदेश | ४० |
| ३. | डिप्लोमा इन हाइड्रोपावर इन्जिनियरिङ्ग | शंखरापुर बहु-प्राविधिक शिक्षालय, सांखु, काठमाण्डौ | बागमती प्रदेश | ४० |
| ४. | डिप्लोमा इन इलेक्ट्रिकल इन्जिनियरिङ्ग | गोरखा बहु-प्राविधिक शिक्षालय, पालुङ्गटार, गोरखा | गण्डकी प्रदेश | ४० |
| ५. | डिप्लोमा इन एग्रिकल्चर (प्लान्ट साइन्स) | अन्नपुर्ण बहु-प्राविधिक शिक्षालय, ढिकुरपोखरी, कास्की | गण्डकी प्रदेश | ४० |
| ६. | डिप्लोमा इन सिभिल इन्जिनियरिङ्ग | किसान प्राविधिक तथा व्यावसायिक शिक्षालय, चापाकोट, स्याङ्गजा | गण्डकी प्रदेश | ४० |
| ७. | डिप्लोमा इन सिभिल इन्जिनियरिङ्ग | शहिद नेत्रलाल अभागी बहुप्राविधिक शिक्षालय, खलङ्गा, सल्यान | कर्णाली प्रदेश | ४० |

**११. पुनश्चः**

(क) आवेदन फाराम बुझाउने स्थान तोकिएका शिक्षण संस्था/कार्यालयहरुले आवेदकहरुबाट रितपूर्वक भरीएको आवेदन फारामहरु अन्तिम म्याद भित्र संकलन गरी ITMS मा प्रविष्ट गराउनु पर्नेछ । आवेदन फाराम बुझाउने शिक्षण संस्था/कार्यालयमा Online Entry तथा आवेदन फाराम व्यवस्थापन गर्ने कर्मचारीलाई आवेदकको सम्पुर्ण विवरण Entry गराएको खण्डमा मात्र प्रति आवेदन रु. ५०। का दरले पारिश्रमिक प्राप्त गर्नेछ ।

**(ख) शिक्षण संस्था/कार्यालयहरुले आवेदन फाराम रुजु गरी स्वीकृत भएपछि ITMS मा मिति २०७८।०६।०१ गते देखि मिति २०७८।०६।०७ गतेसम्ममा Online Entry गर्नुपर्नेछ । आवेदकहरु सबैको Online Entry गरिसकेपछि आवेदन फारामहरु शिलवन्दी गरी परीक्षा नियन्त्रण कार्यालयमा नतिजा प्रकाशनका लागि मिति २०७८।०६।०८ गते सम्ममा पठाउनु पर्नेछ ।**

(ग) प्रवेश परीक्षाबाट मुख्य परीक्षार्थीको रुपमा सिफारिश भई तोकिएको शिक्षण संस्थामा भर्ना भई परिषद् रजिष्ट्रेशन कायम भएमा बिद्यार्थीहरुलाई निर्वाह भत्ता बापत प्रति महिना रु. ३,५००।, यातायात खर्च बापत प्रति बर्ष रु. १,५००।, पोशाक खर्च बापत प्रतिबर्ष रु २,५००। तथा प्रशिक्षण अवधिभरका लागि निःशुल्क छात्रावासको व्यवस्था गरिनेछ ।

(घ) यस परिषद्बाट प्रदान गरिएका छात्रबृत्ति प्राप्त गरी भर्ना भई अध्ययनरत बिद्यार्थीहरुले यस बमोजिमको छात्रबृत्तिमा आवेदन फाराम भर्न पाउने छैनन ।

**यो सूचना www.ctevtexam.org.np मा समेत हेर्न सकिनेछ ।**

**परीक्षा नियन्त्रक**